नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

## समाज कल्याण शिक्षा पुरस्कारका लागि निवेदन माग गरिएको सूचना

राष्ट्रिय शिक्षा दिवस, २०८० को अवसरमा सडक बालबालिका, एचआईभी एड्स सङ्क्रमितका सन्तान, विपन्न, अनाथ, अशक्त तथा असहाय, बालबालिकालाई पालनपोषणसहित शिक्षा प्रदान गरी राष्ट्रियस्तरमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्ति वा सङ्घ संस्था (प्रचलित कानुनअनुसार दर्ता भएका) मध्येबाट मन्त्रालयको स्वीकृत मापदण्डको आधारमा छनोट गरी नगद तथा प्रशंसापत्रसहितको **समाज कल्याण शिक्षा पुरस्कार**बाट पुरस्कृत गर्ने कार्यक्रम रहेको हुँदा पुरस्कार प्राप्तिका लागि योग्य रहेको आधारसहित निम्नानुसारको मापदण्ड र आधार खुल्ने गरी मिति २०८०/०५/२२ गते कार्यालय समयभित्र यस मन्त्रालयको निजी तथा सहकारी सङ्घ संस्था समन्वय शाखामा आइपुग्ने गरी निवेदन पेस गर्नुहुन सम्बन्धित सबैमा सूचना प्रकाशन गरिएको छ ।

### (क) निवेदनसाथ संलग्न हुनुपर्ने कागजात र विवरण

१. संस्थाको विधान (प्रस्तावना र उद्देश्यसहित)

२. सम्बन्धित क्षेत्रमा काम गरेको अनुभव

३. लाभान्वित बालबालिका सङ्ख्या

४. प्रतिष्ठा र विश्वसनीयताको प्रमाण

५. संस्थाको संरचना र चलअचल सम्पति तथा सम्पतिको स्रोत

६. लेखापरीक्षण प्रतिवेदन र संस्था नवीकरणको प्रतिलिपि

७. जनशक्ति व्यवस्थापन

८. संस्थाले शिक्षा प्रदान गरेकामध्ये पुनस्थापना गरिएको बालबालिकाको संख्या

९. रचनात्मक र समाज सेवा कार्य

१०. सेवा क्षेत्र (दुर्गम वा अन्य)

### (ख) अन्य विवरण

१. संस्थाका हकमा प्रोफाइल र व्यक्तिका हकमा व्यक्तिवृत्त (बायोडाटा)

२. पुरस्कार प्राप्तिसँग सम्बन्धित अन्य विवरण

३. स्थानीय तह वा जिल्ला प्रशासन कार्यालय वा प्रदेश वा मन्त्रालयको सिफारिस

४. प्रचलित कानुनबमोजिम पुरस्कार प्राप्तिका लागि अयोग्य नरहेको स्वघोषणा

### (ग) छनोट मापदण्ड र आधार

### (१) सङ्घ संस्था छनोट मापदण्ड तथा आधार

| क्र.सं. | मापदण्ड | अङ्कनको आधार |
|---|---|---|
| १ | संस्थाको प्रस्तावना र उद्देश्य | संस्थाको प्रस्तावना र उद्देश्यमा सम्बन्धित क्षेत्रमा काम गर्ने सम्बन्धी |
| २ | अनुभव | लक्षित वर्गसँग काम गरेको अनुभव तथा प्रमाण |
| ३ | लाभान्वित बालबालिकाको सङ्ख्या | संस्थामा आश्रित रही शिक्षा लिइरहेका बालबालिकाको सङ्ख्या खुलेको प्रमाणित विवरण |
| ४. | प्रतिष्ठा र विश्वसनीयता | वार्षिक प्रतिवेदनमा उल्लेख भई राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरका पत्र पत्रिकामा सम्बन्धित संस्थाले बालबालिकालाई संरक्षण र शिक्षा प्रदान गरेको विषयमा समाचार प्रकाशन भएको प्रमाण |

| | | |
|---|---|---|
| ५. | संस्थाको संरचनात्मक स्थायित्व | संस्थाको आफ्नै भवन भएको भए भवनको नक्सा र लालपुर्जा वा भाडामा भएको भए अवधि खुलेको सम्झौता |
| ६ | लगानीको स्रोत, पारदर्शिता र जवाफदेही | नियमानुसार नवीकरण भई संस्थाको आफ्नो स्रोत तथा साझेदारीमा लगानी गरेको र नियमित लेखा परीक्षण भएको वा<br>राष्ट्रियस्तरका अन्य निकायबाट प्राप्त सहयोग परिचालन गरी लगानी गरेको तथा नियमित लेखा परीक्षण भएको वा<br>अन्तर्राष्ट्रिय संस्थाबाट प्राप्त सहयोगमा लगानी गरेको र नियमित लेखा परीक्षण गरेको |
| ७ | जनशक्ति व्यवस्थापन | थप जनशक्ति, स्वयंसेवक व्यवस्था गरेको वा<br>अन्य सङ्घ संस्थासँग समन्वय गरी व्यवस्थापन गरेको प्रमाण |
| ८. | पुनस्थापनासम्बन्धी कार्य | संस्थाले शिक्षा प्रदान गरेका बालबालिकामध्ये पुनस्थापना गरेका बालबालिकाको सङ्ख्यात्मक विवरण |
| ९ | रचनात्मक र समाजसेवा कार्य | संस्थाद्वारा समाजकल्याणको क्षेत्रमा गरेका रचनात्मक कार्यको विवरण |
| १० | सेवा क्षेत्रको भूगोल | दुर्गम क्षेत्रको स्थानीय तहमा स्थापना भएका र सोही भेगका बालबालिकालाई सेवा दिइरहेको वा<br>अन्य क्षेत्रमा स्थापना भई सेवा दिइरहेको |

**(२) व्यक्ति छनोटका मापदण्ड तथा आधार**

| क.सं. | मापदण्ड | अङ्कनको आधार |
|---|---|---|
| १ | योग्यता तथा दक्षता | प्रचलित कानुनबमोजिम अयोग्य नभएको र शैक्षिक योग्यता (स्नातकभन्दा माथि मात्र) को प्रमाण पत्रका प्रतिलिपि |
| २ | अनुभव | लक्षित वर्गको पालनपोषण र शिक्षासम्बन्धी काम गरेको अनुभव खुल्ने प्रमाण |
| ३ | सेवा प्राप्त गर्ने बालबालिकाको सङ्ख्या | सेवा प्राप्त गरिरहेका र हालसम्म सेवा प्राप्त गरेका बालबालिकाको प्रमाणित विवरण |
| ४. | राष्ट्रिय स्तरमा वा अन्तर्राष्ट्रिय स्तरमा पुरस्कृत | पुरस्कृत भएको भए प्रमाणित विवरण |
| ५. | पत्रिकामा सम्बन्धित संस्था र व्यक्तिका विषयमा समाचार प्रकाशन | राष्ट्रियस्तर र अन्तराष्ट्रियस्तरमा प्रकाशन भएका समाचारको विवरण (प्रमाणसहित) |
| ६ | संस्थाको स्रोत जुटाउन क्रियाशीलता | व्यक्तिगत प्रयासमा संस्थाको आर्थिक तथा भौतिक स्रोत जुटाउन भएको पहलको तथ्य तथा प्रयोग भएंको साझेदारी र सहकार्यको स्पष्ट प्रमाण पेस गर्नुपर्ने |
| ७ | जनशक्ति | नेतृत्व गरेको संस्थामा बालबालिकाको शिक्षाका लागि थप जनशक्ति व्यवस्था भएको र अन्य निकायसँग समन्वय गरी व्यवस्थापन गरेको जनशक्तिको विवरण |
| ८. | पुनस्थापनासम्बन्धी कार्य | नेतृत्व गरेको संस्थाले शिक्षा प्रदान गरेका बालबालिकामध्ये पुनस्थापना भएका बालबालिकाको विवरण |
| ९ | रचनात्मक कार्य | समाज कल्याणको क्षेत्रमा गरेको रचनात्मक कार्यको तथ्य प्रमाणसहितको विवरण |
| १० | पारदर्शिता र जवाफदेही | नेतृत्व गरेको विवरण र संस्थाको नियमित लेखा परीक्षण भएको प्रतिवेदन पेस |

पुनश्चः निर्धारित ढाँचाअनुसारका कागजात पूरा नगरी पेस भएका निवेदनलाई मूल्याङ्कनमा समावेश गरिने छैन ।

विस्तृत जानकारीको लागि फोन नं. ९८४९००२०५० वा ९८५१००८८८१ मा सम्पर्क गर्नुहुन।